**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १७ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगाल विधानसभाबाट विपक्षका नेता शुभेन्दु अधिकारीसमेत भाजपाका चारजना विधायकहरूलाई 30 दिनको लागि निलम्बित गरिएको छ।

२. पश्चिम बंगालमा बहुचर्चित स्कूल नौकरी घोटालाको अनुसन्धान गरिरहेको सीबीआईले शिक्षक नियुक्तिका लागि सिफारिसहरू लिखित रूपमा मात्र नभई व्हाट्सएप र एसएमएसमार्फत पनि पठाइएको पत्ता लगाएको छ|

३. पश्चिम बंगाल सरकारले राज्यका सबै कोल्ड स्टोरेज मालिकहरूलाई आफ्नो भण्डारण सुविधामा ३० प्रतिशत ठाउँ साना किसानहरूका लागि आरक्षित गर्न निर्देशन दिएको छ।

४. कालेबुङमा रहेको प्याराग्लाइडीङका सामाग्रीहरु सुरक्षित छ वा छैन भनी जीटीएको पर्यटन विभागद्वारा जांच गरिएको छ |

५. हाउस फर अल योजनाको लाभार्थीहरुको समस्या समाधानको लागि खरसाङ नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष अनि नगरपालिकाका अन्य अधिकारीहरूलाई कोलकाता प्रस्थान गरेका छन्।

**भाजपा विधायकहरू निलम्बित**

पश्चिम बंगाल विधानसभामा आज कोहोलो मच्चियो। भारतीय जनता पार्टीका विधायकहरूले शिक्षा संस्थानहरूमा सरस्वती पूजामाथि रोक लगाएको आरोप लगाउँदै मुख्यमन्त्रीसित बयान दिने माग गरे। विरोध अवधि विधानसभा अध्यक्ष सामु कागज फालेको आरोप लगाउँदै विपक्षका नेता शुभेन्दु अधिकारी समेत भाजपाका चारजना विधायकहरूलाई 30 दिनको लागि निलम्बित गरियो। स्पष्ट छ, निलम्बित विधायकहरूले अब सम्पूर्ण सत्रमा भाग लिन पाउनेछैनन्।आज विधानसभाको कार्यवाही शुरू हुनसाथ भाजपा विधायकहरूले राज्यका केही शिक्षण संस्थानहरूमा सरस्वती पूजामाथि रोक लगाइएको मुद्दा उठाए। भाजपाले मुख्यमन्त्री ममता ब्यनर्जीसित यसमाथि बयान दिने माग गऱ्यो। विधानसभामा भाजपाकी महिला विधायकहरूले अग्निमित्रा पलको नेतृत्वमा यस मुद्दामाथि कार्यस्थगन प्रस्ताव राखे। विधानसभा अध्यक्ष विमान ब्यनर्जीले प्रस्ताव पढ्ने अनुमति दिए, तर यसमाथि चर्चा गर्नदेखि अस्वीकार गरिदिए।यस फसेलादेखि रूष्ट विपक्षका नेता शुभेन्दु अधिकारीको नेतृत्वमा भाजपा विधायकहरूले वेलमा आएर विरोध गर्न शुरू गरे। यस अवधि भाजपा विधायकहरूले कागज च्यातेर हावामा उड़ाइदिए तथा कथित रूपमा विधानसभा अध्यक्ष तर्फ कागज फालिदिए। यसलाई सदनको गरिमाको उल्लंघन मानियो। यस घटनापछि सरकारका मुख्य सचेतक निर्मल घोषले भाजपा विधायकहरूविरूद्ध कारबाही गर्ने माग गरे। विधानसभामा विपक्षी विधायकहरूको अनुपस्थितिमा प्रस्ताव ध्वनि मतले पारित भयो। विधानसभा अध्यक्षले विपक्षका नेता शुभेन्दु अधिकारी, अग्निमित्रा पाल, विश्वनाथ कारक र बंकिम घोषलाई 30 दिनको लागि निबम्लित गर्ने घोषणा गर्नु भयो। यसको अर्थ विधायकहरु ले वर्तमान सत्र अवधि विधानसभाको कार्यवाहीमा भाग लिन सक्नेछैनन्। भाजपा विधायकहरूले यस फसेलाको विरोध गरे अनि विधानसभको लबीमा बसेर प्रदर्शन गरे। पार्टीको आरोप छ, तृणमूल सरकारले विपक्षको आवाजलाई दबाउने प्रयास गरिरहेको छ।

****** ० ******

**विपक्षी नेता शुभेन्दु अधिकारी**

पश्चिम बंगाल विधानसभामा भाजपाका सबैभन्दा प्रमुख वक्ताहरूलाई महत्वपूर्ण सत्रहरूमा लक्षित गरिन्छ। भाजपाका चार विधायकहरुलाई एक महिनाको लागि निलम्बन गरिएपछि विधानसभाका विपक्षी नेता शुभेन्दु अधिकारीले यो आरोप लगाउनु भएको छ। शुभेन्दु अधिकारीले सभा निलम्बनको षड्यन्त्र लामो समयदेखि चलिरहेको बताउनु भएको छ। सत्तारुढ दलले मुख्यतया महत्वपूर्ण मुद्दाहरूमा आवाज उठाउने विपक्षी नेता र सांसदहरूलाई निशाना बनाउँछ। शुभेन्दु अधिकारीबाहेक निलम्बित विधायकहरूमा फेसन डिजाइनरबाट राजनीतिज्ञ बनेका अग्निमित्र पल, बंकिम घोष र विश्वनाथ कारक रहेका छन्।शुभेन्दु अधिकारीले यी विधायकहरूलाई कुनै ठोस कारणबिना नै निलम्बन गरिएको दाबी गर्नु भयो। उहाँले भन्नु भयो, हामी विरोध गर्दा विश्वनाथ कारक सभामा उपस्थित थिएनन्। श्री बंकिम घोष आफ्नो आसनबाट विरोध गरिरहेका थिए, तर सदनको वेलमा प्रवेश गरेनन्। अग्निमित्र पल पनि वेलमा आएर विरोध गरिनन्। २०२१ पछि यो चौथो पटक हो जब विपक्षी नेतासहित भाजपाका विधायकहरूलाई सदनबाट निलम्बन गरिएको छ।श्री शुभेन्दु अधिकारीले बजेट अधिवेशनको पहिलो दिन राज्यपालको सम्बोधनमाथिको बहसमा भाग लिनु परेकोले सदनमा आफ्नो विचार प्रस्तुत गर्न नसकोस् भनेर एक दिन अगाडि नै जानाजानी निलम्बन गरिएको आरोप पनि लगाउनु भएको छ।

****** ० ******

## स्कूल नौकरी घोटाला

पश्चिम बंगालमा बहुचर्चित स्कूल नौकरी घोटालाको अनुसन्धान गरिरहेको केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले एउटा महत्त्वपूर्ण सुराग पाएको छ। अनुसन्धानले शिक्षक नियुक्तिका लागि सिफारिसहरू लिखित रूपमा मात्र नभई व्हाट्सएप र एसएमएसमार्फत पनि पठाइएको पत्ता लगाएको छ, जसलाई सम्बन्धित अधिकारीहरूले गम्भीरतापूर्वक लिएका छन्। स्रोतका अनुसार, यी सबै सिफारिसहरूलाई तत्कालीन राज्य शिक्षा मन्त्री तथा तृणमूल कांग्रेसका पूर्व महासचिव पार्थ चटर्जीले व्यक्तिगत रूपमा छानबिन गरी सर्टलिस्ट गरेका थिए। यी सिफारिसहरूको पूर्ण विवरण सीबीआईले दायर गरेको आरोप पत्रमा संलग्न कागजातहरूमा रेकर्ड गरिएको छ। सीबीआईले कोलकाताको विशेष अदालतमा ३२४ वटा यस्ता उम्मेदवारहरूको सूची पेश गरेको छ, जसको नियुक्ति पूर्व र वर्तमान विधायक र सांसदहरूसहित विभिन्न प्रभावशाली व्यक्तिहरूले सिफारिस गरेका थिए। यी मध्ये १३४ जना उम्मेदवारहरु नियुक्त भइसकेका छन् र हाल राज्यका विभिन्न सरकारी विद्यालयहरूमा कार्यरत छन्।उल्लेखनीय छ कि पार्थ चटर्जीलाई यस घोटालाको सम्बन्धमा जुलाई २०२२ मा प्रवर्तन निर्देशनालय (ED) ले पक्राउ गरेको थियो। ईडीको आरोप पत्रमा उनलाई यस घोटालाको मुख्य योजनाकारको रूपमा वर्णन गरिएको छ। उनी बाहेक उनका नजिकका सहयोगी अर्पिता मुखर्जी र ज्वाइँ लगायत अन्य अभियुक्तहरूको नाम पनि आरोपपत्रमा समावेश गरिएको छ।ईडीको आरोपपत्रमा बबली चटर्जी मेमोरियल ट्रस्टलाई पनि अभियुक्तको रूपमा समावेश गरिएको छ। यो ट्रस्ट पार्थ चटर्जीकी स्वर्गीय पत्नीको नाममा सिर्जना गरिएको थियो। यस ट्रस्टमा दानको रूपमा देखाएर घोटालाको रकम हेरफेर गरिएको आरोप छ।

****** ० ******

## किसानहरूका लागि आरक्षित

पश्चिम बंगाल सरकारले राज्यका सबै कोल्ड स्टोरेज मालिकहरूलाई आफ्नो भण्डारण सुविधामा ३० प्रतिशत ठाउँ साना किसानहरूका लागि आरक्षित गर्न निर्देशन दिएको छ। यो निर्णय ती किसानहरूलाई राहत प्रदान गर्न लिइएको हो जसले हरेक मौसममा विशेष गरी आलु जस्ता बाली भण्डारणमा समस्या भोग्छन्। सरकारको यो निर्णयलाई प्रभावकारी बनाउन सबै जिल्ला अधिकारीहरूलाई निर्देशन पठाइएको छ। जिल्ला अधिकारीहरूलाई आफ्नो जिल्लाका शीतभण्डार मालिकहरूले यो आदेशको पालना गरेको सुनिश्चित गर्न भनिएको छ।यस आदेश अन्तर्गत, साना किसानहरूले अधिकतम ३० क्विन्टल अर्थात् लगभग ७० बोरा आलु भण्डारण गर्न सक्नेछन्। कोल्ड स्टोरेज मालिकहरूले प्रत्येक मौसममा निश्चित समयको लागि ३० प्रतिशत ठाउँ आरक्षित गर्नुपर्नेछ। यदि तोकिएको समयपछि पनि ठाउँ खाली रह्यो भने, त्यसपछि मात्र भण्डारण मालिकहरूले अन्य किसानहरूलाई भाडामा दिन सक्छन्। यद्यपि, यदि उनीहरूले जग्गा भाडामा दिन असफल भए भने, उनीहरूले राज्य सरकारबाट कुनै क्षतिपूर्ति पाउने छैनन्। यस आरक्षित सुविधाको लाभ लिन चाहने साना किसानहरूले किसान क्रेडिट कार्ड र बाली बीमासँग सम्बन्धित कागजातहरूसहित आवेदन दिनुपर्नेछ।

****** ० ******

## प्याराग्लाइडीङ सामाग्रीहरु जाँच

कालेबुङमा रहेको प्याराग्लाइडीङका सामाग्रीहरु सुरक्षित छ वा छैन भन्ने कुराको आज जाँच गरिएको छ। जीटीएको पर्यटन विभागका फिल्ड निर्देशक दावा शेर्पाको उपस्थितिमा गरिएको उक्त निरीक्षण कार्यमा जिल्ला प्रशासन अनि पुलिसका प्रतिनिधिहरु पनि उपस्थित रहेका थिए। पर्यटक, सवार मानिसहरु साथै पाइलटको सुरक्षाको निम्ति गरिएको उक्त जाँच गर्न सिक्किम प्याराग्लाइडिङ एसोसिएसनका फ्लाइट एण्ड सेफ्टी चेयरमेन तथा इण्टरनेसनल प्याराग्लाडीङ इन्सट्रक्टर अर्जुन राई उपस्थित रहेका थिए। निरीक्षण पश्चात् पर्यटन विभागका फिल्ड डायरेक्टर दावा शेर्पाले सुरक्षित एडभेन्चर पर्यटनलाई बडावा दिन नै यो पहल गरेको बताउनु भएको छ।

****** ० ******

**खरसाङ हाउस फर अल योजना**

हाउस फर अल योजनाको लाभार्थीहरुको समस्या समाधानको लागि खरसाङ नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष अनि नगरपालिकाका अन्य अधिकारीहरूलाई कोलकाता प्रस्थान गरेका छन्। भागोप्रमो खरसाङ टाउन कमिटीद्वारा आज खरसाङ नगरपालिकाद्वारा हाउस फर अलका लाभार्थीहरूले पाउनु पर्ने रकम नपाएकोले गर्दा जुन समस्या उत्पन्न भईरहेको छ यसलाई लिएर खरसाङ नगरपालिकासँग समाधान हेतु के कार्य भईरहेको छ त्यस विषय लिएर जानकारी लिन हेतु पुगेका थिए। खरसाङ टाउन कमिटीका कार्यवाहक अध्यक्ष संदीप बलको अगुवाई कार्यवाहक सचिव बीरबल पाख्रिन, सांगठनिक सचिव रञ्जन गजमेर, कार्यकारिणी सदस्य विकाश तामाङ अनि रामु राउतका टोलीले सम्पर्क गरेपछि लाभार्थीहरूको समस्या लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय अध्यक्ष अनित थापाले यसको निम्ति नगरपालिका अनि दिने निकायसँग बात गरेर छिटोभन्दा छिटो यसको व्यवस्था गरिदिनेछु भनी सबैलाई आश्वासन दिएको बताउनु भएको छ। आज लगत्तै खरसाङ नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष अनि नगरपालिकाका अन्य अधिकारीहरूलाई जिटीए अनित थापाले हाउस फर अलका लाभार्थीहरूको समस्या समाधान हेतु कोलकाता बोलाएको बताइएको छ।

****** ० ******

**रेलवे- उपाय (7.50)**

रेलवेले देशभरिका 60 रेलवे स्टेशनहरुमा यात्रीहरुको सुविधाका लागि स्थायी होल्डिंग एरिया बनाउने योजना बनाएको छ । यस अन्तर्गत रेलवेले अत्याधुनिक प्रौद्योगिकीको उपयोग गर्दै विशेष अवसरमा भीड़ नियंत्रणका लागि कार्य गर्ने छ। मन्त्रालयका सूत्रहरु अनुसार, यो निर्णय पीक सीजनमा यात्रीहरुको भारी भीड़लाई नियन्त्रण गर्नका लागि लिईएको हो।मन्त्रालयले यात्रीहरूलाई सुविधा प्रदान गर्न र उनीहरूको सहज आवागमनको निगरानी गर्न दिल्लीका सबै रेलवे स्टेशनहरूमा विशेष अभियान सञ्चालन गरिने बताएको छ। यसैबीच, नयाँ दिल्ली रेलवे स्टेशनमा आगमी एक साता सम्म साँझ 4 बजेदेखि राति 11बजीसम्म प्लेटफर्म टिकट जारी गरिने छैन। यो निर्णय यात्रीहरुको सुगम आवागमनलाई सुनिश्चित गर्नका लागि लिईएको हो। यसैबीच, प्रयागराजबाट पवित्र संगममा स्नान गरेका श्रद्धालुहरूको सकुशल फिर्ताको लागि हिजो प्रयागराजका विभिन्न स्टेशनहरूबाट 3 सय 38 विशेष रेलहरू सञ्चालि गरिएको थियो।

****** ० ******

**एड्वर्ड्सको पहलमा खेल मैदान चौडादार**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रीय प्रमुख संयोजक अजय एड्वर्ड्सको पहलमा नागरी धजे समष्टिको धजे चियाबारी होप गाउँमा रहेको खेल मैदान चौडादार गरिएको छ। सत्तासीन दल अनि क्षेत्रीय सरकारले गर्न नसकेको उक्त कार्य आज इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख संयोजक अजय एड्वर्ड्सको पहलमा पूरा भएको स्थानीय बिक्रम तामाङले बताउनु भएको छ। केही समयअघि मात्र श्री अजय एड्वर्ड्सको धजे अनि पूलबजारको भ्रमण समय खेल मैदान चौडादार गरिदिने वाचा गर्नु भएको थियो| उक्त वचन पूरा गर्दै आज खेल मैदान चौडादार गरिदिएवापत श्री बिक्रम तामाङ अनि स्थानीयहरुले एड्वर्ड्सप्रति आभार व्यक्त गरेका छन्|

****** ० ******

**मौसम बंगाल**

कोलकातासहित दक्षिण बंगालमा आगामी बुधवारदेखि पानी पर्ने सम्भावना व्यक्त गरिएको छ। अलिपुर मौसम कार्यालय अनुसार छःवटा जिल्लाहरूमा मेघ गर्जनसितै वर्षा हुनसक्छ भने उत्तर बंगालका कतिपय भागहरूमा पनि वर्षा हुने सम्भावना छ।

आज कोलकाताको न्यूनतम तापमान 23.2 डिग्री सेल्सियस दर्ता गरियो जुन सामान्यभन्दा 4.5 डिग्री अधिक हो। गत शुक्रवार र शनिवार तापमान अचानक घटेर 17 डिग्री सेल्सियससम्म पुगेको थियो तर त्यसपछि फेरि तापमान बढ्न शुरू भयो। मौसम विभागले उत्तर 24 परगना, दक्षिण 24 परगना, पूर्व मेदिनीपुर, पश्चिम मेदिनीपुर, झाड़ग्राम तथा बाँकुड़ामा आगामी बुधवार र बिहीवारको लागि यल्लो अलर्ट जारी गरेको छ। यसको साथै कोलकाता, हावड़ा, हुगली, पूर्व बर्दवान, पश्चिम बर्दवान, मुर्शिदाबाद औ नदिया जिल्लामा सामान्यदेखि मध्यम वर्षा हुनसक्छ। आगामी 24 घण्टामा दक्षिण बंगालका केही जिल्लाहरूमा न्यूनतम तापमान 2-देखि 4 डिग्रीसम्म बढ्नसक्छ जुन आगामी तीन दिनसम्म स्थिर रहनेछ। उत्तर बंगालमा केवल दार्जीलिङ र कालेबुङ जिल्लामा वर्षा हुने पूर्वानुमान छ। उत्तर बंगालका अन्य जिल्लाहरूमा हाल मौसम शुष्क रहनेछ, तर बिहान हल्का धमिलोपन छाउनेछ।

****** ० ******

## भागोप्रमोको सांगठनिक सभा

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको शाखा पसौं अभियान अन्तर्गत सांगठनिक सभा जारी रहेको छ। उक्त शाखा पसौं अभियान अन्तर्गत भागोप्रमोको सांगठनिक सभा तीनवटा बुथहरुमा सम्पन्न भएको छ। यस क्रममा पहिलो सांगठनिक सभा सिपाहीधुरा, तीनधारे चियाबारी र सिविटार चियाबारीमा सम्पन्न भएको छ| तीनवटै सांगठनिक सभाहरुमा भागोप्रमो तीनधारे महानदी समष्टिको सभापति राजीव थापा, युवा शक्ति तीनधारे महानदी समष्टिको सभापति केवल राई, समष्टिको प्रवक्ता बिपन विश्वकर्म, हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन तीनधारे महानदी समष्टिको संयोजक राजेस थापा लगायत अन्यहरुले वक्तव्य राखेका थिए। उक्त सांगठनिक सभा अन्तर्गत सिपाहीधुरामा सभापतिको रुपमा पञ्चायत सदस्य उपेन्द्र राई र सचिव सबीर प्रधानलाई चयन गरिएको छ। दुवैको अगुवाईमा एक हप्ताभित्र भागोप्रमो सिपाहीधुरा शाखा कमिटी गठन गर्न निर्देश समष्टिको तर्फबाट दिइएको छ। त्यसरी नै सिविटारमा पनि पुरानो बुथ कमिटी विघटन गरेर आगामी एक हप्ताभित्रमा नयाँ बुथ कमिटी गठन गर्नलाई पञ्चायत सदस्य राजीव तामाङलाई संयोजक चयन गरिएको छ। शाखा पसौं अभियान अन्तर्गत तीनवटै सांगठनिक सभाहरु सकेर पत्रकारहरुलाई सम्बोधन गर्दै भागोप्रमो तीनधारे महानदी समष्टिको प्रवक्ता बिपन विश्वकर्मले विस्तृत रुपमा जानकारी गराउनु भएको छ।

****** ० ******